सर्वोत्तम सिमेन्ट

Sarbottam Cement Limited

Corporate Office :

Neupane Tower, 5th Floor, Tinkune, Kathmandu, Nepal | Tel: 01-4111621/4111709/4111942/4117502

Sarbottam Factory :

Sunwal Nagarpalika, Ward no-11, Jodeni Nawalparasi

www.sarbottamcement.com

Unaudited Statement of Financial Position
As At 16th October, 2024 (Ashoj 30, 2081)

Particulars	Sarbottam Cement	
	16th Oct, 2024 (Ashoj 30, 2081)	16th July, 2023 (Ashad 31, 2081)
Assets		
Non Current Assets		
Property, Plant & Equipment	8,252,507,472	8,288,054,385
Intangible Assets	450,321	481,659
Financial Assets		
Investment	1,297,536,900	556,036,900
Deferred Tax Assets	-	-
Other Non-Current Assets	12,402,560	12,402,560
Total Non Current Assets	**9,562,897,252**	**8,856,975,504**
Current Assets		
Inventories	2,830,828,860	2,793,917,661
Financial Assets		
Trade Receivables	2,205,938,212	1,755,828,227
Cash & Cash Equivalent	51,883,937	80,959,261
Bank Balance other than Cash & Cash Equivalent		
Others	89,439,216	43,744,545
Other Current Assets	243,051,304	209,048,644
Income Tax Assets (Net)	23,002,601	20,536,866
Total Current Assets	**5,444,144,130**	**4,904,035,204**
Total Assets	**15,007,041,382.00**	**13,761,010,708.00**
Equity & Liabilities		
Equity		
Equity Share Capital	4,650,000,000	4,650,000,000
Fair Value Reserve		
Other Equity	4,235,480,815	4,258,064,836
Revaluation Reserve	336,854,187	336,854,187
Non-Controlling Interest		
Total Equity	**9,222,335,002**	**9,244,919,023**
Non Current Liabilities		
Financial Liabilities		
Long Term Borrowings	124,325,200	135,744,200
Provisions	-	-
Deferred Tax Liabilities	369,433,878	366,847,715
Total Non Current Liabilities	493,759,078	502,591,915
Current Liabilities		
Financial Liabilities		
Trade Payables	1,354,010,746	968,841,826
Short Term Borrowings	3,814,520,537	2,929,353,679
Other Financial Liabilities	1,847,767	10,526,436
Other Current Liabilities	70,494,150	54,703,726
Provisions	50,074,103	50,074,103
Income Tax Liabilities (Net)	-	-
Total Current Liabilities	**5,290,947,302**	**4,013,499,770**
Total Liabilities	**5,784,706,380**	**4,516,091,685**
Total Equity and Liabilities	**15,007,041,382.00**	**13,761,010,708**

Unaudited Statement of Profit or Loss & Other Comprehensive Income
For Year Period Ended Ashad 31, 2081 (July 15, 2024)

Particulars	Sarbottam Cement	
	16th Oct, 2024 (Ashoj 30, 2081)	16th July, 2023 (Ashad 31, 2081)
Revenue From Operations	1,455,183,526	6,372,339,905
Less: Cost of Sales	1,334,801,672	5,570,788,904
Gross Profit	**120,381,854**	**801,551,001**
Other Income	8,841,919	44,262,897
Expenses:		
Administrative Expenses	22,206,680	91,340,960
Selling & Distribution Expenses	47,728,628	197,239,258
Finance Cost	78,633,503	331,957,489
Total Expenses	**148,568,811**	**620,537,707**
Profit/(Loss) Before Tax from Continuing Operations & Share of Profit of Associates	**(19,345,038)**	**225,276,191**
Share of Profit /(Loss) of Associates accounted by using Equity Method		
Profit/(Loss) Before Tax from Continuing Operations	(19,345,038)	225,276,191
Tax Expense		
Current Tax	652,819	3,113,377
Deferred Tax	2,586,164	48,358,321
Net Profit/(Loss) For The Year from Continuing Operations	(22,584,021)	173,804,492
Discontinued Operations		
Profit from Discontinued Operation Before Tax		
Tax expense on Discontinued Operation		
Net Profit/(Loss) For The Year	**(22,584,021)**	**173,804,492**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) प्रथम त्रैमासिक सम्मको वासलात नाफा नोक्सान सम्बन्धी विवरण:

यस संस्थाको आ.व. ०८१।८२ को प्रथम त्रैमासिक सम्मको नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

क्र.स.	सम्बद्ध संस्थाहरुको नाम	कारोवार रकम (मु.अ. बाहेक)	
		खरिद	बिक्रि
१	सर्बोत्तम मिनरल्स प्रा.लि.	२५,५०,८७६।००	-
२	जगदम्बा सिमेन्ट प्रा.लि.	८७,०५,५७७।००	२२,८३,१४,०६२।००
३	लक्ष्मी स्टील्स लि.	३१,६७,०२७।००	१,१४,६४,६३२।००
४	सर्बोत्तम स्टील्स लि.	६६,९२,७२०।००	१,०७,२०५।००
५	सौरभ फोटो इन्टरनेशनल	७४,३३६।००	-
६	सर्बोत्तम सिमेन्ट ईष्ट प्रा.लि.	५४,७१,०४१।००	२७,८७,७७१।००
७	जगदम्बा सिन्थेटिक्स प्रा.लि.	१,३५,६९,२६५।००	-
८	शुभ श्री जगदम्बा सिमेन्ट प्रा.लि.	१७,६१,६७,२४८।००	२०,०६,२१,५७३।००

(ख) प्रमुख वित्तिय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक रु)	प्रतिशेयर नेटवर्थ रु.	प्रतिशेयर कूल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात
(१.२४)	१९८.३३	३२२.७३	१.०३

२. व्यवस्थापकीय विश्लेषण

क) यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

निकट भविष्यमा उद्योगको उत्पादन क्षमताको उपभोग वृद्धि गर्दै सञ्चालन गर्ने तथा उत्पादनमा लाग्ने लागत घटाउदै निरन्तर नेपाली तथा भारतिय बजारमा उच्च गुणस्तरको सिमेन्ट आपुर्ती गराउने लक्ष्यका साथ बजार विस्तार तथा बजारमा आफ्नो व्राण्डको उपस्थित मजबुत बनाउदै लैजान योग्य सिमेन्ट कम्पनीहरुलाई आवश्यकता अनुसार खरिद गर्ने रणनिति सर्वोत्तम सिमेन्टको रहेको छ । यसै रणनितिलाई कार्यान्यन गर्दै संस्थाले चालु आ.व.को प्रथम त्रैमासमा शुभ श्री जगदम्बा सिमेन्ट मिल्स लिमिटेड र जगदम्बा सिमेन्ट ईण्ड्रष्ट्रिज प्रा.लि कम्पनीलाई आफ्नो सत प्रतिशत सहायक कम्पनी मार्फत खरिद गरी दुवै उद्योगहरुलाई आफ्नो मातहतको व्यवस्थापन मार्फत सञ्चालन सुरु गरेको छ । यसरी दुवै उद्योग खरिद गर्दा यस संस्थाले रु ७४,१५,००,०००।- रकम लगानी गरेको छ । आगामी दिनहरुमा संस्थाले यो लगानीबाट उच्च प्रतिफल प्राप्त गर्न सक्नेछ। यसका साथै विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुर्याउने सम्बन्धि कार्यहरु गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्य योजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौजदात, नाफा वा नगाद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:

यसै त्रैमासमा संस्थाले समान उद्देश्यका दुई उद्योगहरुमा (शुभ श्री जगदम्बा सिमेन्ट मिल्स् लिमिटेड र जगदम्बा सिमेन्ट ईण्ड्रष्ट्रिज प्रा.लि.) सत प्रतिशत लगानी गरी आफ्नो मातहतमा सञ्चालन गरेको हुँदा, सो लगानीले संस्थाको ऋण दायित्वमा बृद्धि भई व्याज भार बढ्न पुगेको छ । यसका साथै राज्यको नितिगत सुधारको अभावमा जटिल बनेको नेपाली सिमेन्ट बजारको माग भन्दा अधिक उत्पादन भईरहको अवस्थामा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै स्थानीय तथा देश बाहिर समेत आफ्नो उत्पादनको बजार प्रवर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै उल्लेखित चुनौती र समस्याका अतिरिक्त अन्य कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्न सक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगती उन्मुख बनाउन कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ ।

३. कानूनी कारवाही सम्बन्धि विवरण: (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):-

(क) प्रस्तुत त्रैमासमा यस संस्थाले कुनै मुद्दा दायर नगरेको र यस संस्था विरुद्द कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेको छ ।

(ख) यस प्रथम त्रैमासकको अवधिमा उद्योगको शेयर मूल्यले विभिन्न उतार चढावका विच सन्तोषजनक प्रगती गरेको छ ।

(ग) यस कम्पनीको प्रथम त्रैमासमा शेयरको कायम अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको दिन र शेयर कारोबार संख्या:

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रू.	अन्तिम मल्य रू.	कारोबार दिन	कारोबार शेयर संख्या
१०६०	६९६.८	८३३.५	५७	४३,११,२०१ थान

५. समस्या तथा चुनौती:

हाल नेपालमा विकास निर्माण क्षेत्रका कार्यहरुमा सिथिलता कायमै रहेको अवस्थामा विकास निर्माणसंग सम्वन्धीत सरकारी परियोजनाहरुका लागि छुट्याईएको बजेट न्यून खर्च हुनु, ठेकेदारहरुले निमार्ण कार्य सम्पन्न गरेता पनि भुक्तानी पाउन नसकेको विषय यथावत रहेको तथा वर्षायामको समयको यस त्रैमासको घेरै अवधिमा देशभरी वाढी पहिरोका कारण सडक यातायात नियमित सञ्चालनमा असर परेको कारणले निर्माणका कार्यहरुमा समेत प्रभाव परेको लगाएतका कारणबाट थप चुनौती उत्पन्न भएकोले यसको प्रभाव प्रत्यक्ष रुपमा संस्थाको प्रथम त्रैमासिकको वित्तिय विवरणमा पर्न गएको देखिन्छ । यस अवस्थामा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै स्थानीय तथा देश बाहिर समेत आफ्नो उत्पादनको बजार प्रवर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै संस्थाको उत्पादनलाई प्रभावशाली वनाई सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि सूचना प्रविधि प्रणालि तथा मानव संशाधनको दक्षतामा अभिवृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य अवलम्वन गरिएको छ ।

६. संस्थागत सुशासन:

स्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवार आकषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ ।

७. सत्य तथ्यताका सम्बन्धमा सञ्चालक अध्यक्षको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।